# Pre-Service Staff Training

## 2075 Chaitra 01, Central Office, Kathmandu




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रीय कार्यालय काठमाण्डौको आयोजनामा मिति २०७५ चैत्र ०१ गते नक्साल, काठमाण्डौमा **"Pre-Service Staff Training "** सम्पन्न गरिएको छ ।

उक्त तालिममा केन्द्रीय कार्यालयबाट प्रमुख कार्यकारी अधिकृत, सहायक महाप्रबन्धक र व्यवस्थापकीय स्तरका कर्मचारीहरुको उपस्थितिमा संस्थाका विभिन्न शाखा कार्यालयहरुमा फिल्ड सहायकको रुपमा कार्य सम्पादनका लागि चयन भएका १७ जना कनिष्ठ सहायकरुको सहभागीता रहेको थियो । संस्थाको पदपूर्ति समितिबाट प्रकाशित विज्ञापन नं. १।०७५।०७६ (खुल्ला) कनिष्ठ सहायक पदको लागि लिइएको प्रतियोगितात्मक लिखित परिक्षा, फिल्ड अवधारणा परिक्षा र फाल्गुण १८ गते लिइएको अन्तर्वार्ताको आधारमा नियूक्तिका लागि सिफारिस भएका संस्थाका नयाँ कर्मचारीहरुको क्षमता विकास एवं पहिलो चरणको प्रशिक्षण सम्पन्न भयो ।



कार्यक्रममा सहभागीहरूको परिचय र नयाँ कर्मचारीहरूलाई स्वागत गर्नुका साथै प्रशिक्षणको उद्देश्यहरू, निर्धन उत्थान एक परिचय, कर्मचारी नियुक्ति प्रक्रिया र प्रशासनिक नियम विनियमहरू, लघुवित्तको परिचय, लक्षित वर्ग पहिचान, वर्गीकरण र रेकर्ड राख्ने तरिका, समूह गठन प्रक्रिया, उत्प्रेरणाः अन्तरवैयक्तिक सम्बन्ध र गुणहरु, निर्धन उत्थानका ग्राहक सेवा र सुविधाहरु स्थान छनौटको बारेमा जानकारी गराइएको थियो । साथै कार्यक्रममा निजहरुलाई नियुक्ति पत्र प्रदान गरेर संस्थामा स्वागत गरिएको थियो ।



